मिति: २०८२ बैशाख २४

श्री सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अध्यक्ष तथा सदस्य नाम सिफारिस समिति, सिंहदरवार, काठामाडौं |

**बिषय : द्वन्द पीडित समुदायले सिफारिस गरेका समग्र सिफारिस फिर्ता गरिएको सम्बन्धमा |**

उपरोक्त सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा पदाधिकारी सिफारिस गर्न २०८१ चैत्र ११ गते गठित सिफारिस समितिले आफ्नो दायित्व र अधिकार उपयोग गर्न नसकी अपारदर्शी, देखावटी र राजनीतिक नियन्त्रित प्रक्रियावाट भागवण्डा र पहुंचका आधारमा अधिकांशत संक्रमणकालीन न्यायको राष्ट्रिय कार्यभारलाइ पार नलाग्ने, पीडितले न्याय नपाउने गरी निराशाजनक छोटो सुची प्रकाशित गरेको छ | संक्रमणकालीन न्यायको राष्ट्रिय कार्यभारलाई निष्कर्षमा पुर्याउन सक्ने व्यक्तिहरुको नामावाली आए नआएको सो को अध्ययन नै नगरी एवं यस क्षेत्रको योगदान र अनुभब भएका व्यक्तिहरु पहिचान गर्ने प्रयास नै नगरी छिटो सकाउने नाममा पीडित समुदायलाई पूर्णत बेवास्ता गरी समितिले काम गर्नु संक्रमणकालीन न्यायको मर्म र भावना बिपरित हो |

पीडित समुदायले निरन्तर जाहेर गरेको पारदर्शी र विश्वसनीय प्रक्रिया, पीडित समुदायको सहकार्य, भावना, धारणा र अधिकारको प्रतिनिधित्व र सुनिश्चित गरी पारदर्शी ढंगले सिफारिस गर्ने जिम्मेवारी बहन नगरी संक्रमणकालीन न्यायको कुनै दक्षता, अनुभव एवं कार्यक्षमता नभएका, पीडित समुदायको बिपक्षमा काम गरेका व्यक्ति समेत दलीय भागवण्डामा मूल नेतृत्वमा ल्याउने गरी छोटो सूचीमा समावेश गरेको हुनाले त्यसरी बन्ने आयोगले द्वन्द पीडितलाई बिश्वास र न्याय दिन सक्दैन | समितिको अपादर्शी, अविश्वसनीय एवं समाधान नदिने झुलाउने प्रक्रियाका सम्बन्धमा प्रधानमन्त्री, शीर्ष राजनीतीक एवं सरकारसंग पीडित समुदाय परामर्शमा रहेको छ | त्यसैले सिफारिस समितिको कार्य औचित्यपूर्ण, संक्रमणकालीन न्यायको अवधारणा अनुरुप र पीडित केन्द्रित नभएको, समितिले अविश्वसनीय र अपारदर्शी प्रक्रिया अवलम्वन गरेर पीडित समुदायलाई धोका दिएको हुनाले समितिलाई सहयोग होस् भन्ने मनसायले बिभिन्न द्वन्द पीडित संघ संस्थाले विश्वास गरी सिफारिस गरेका तपशील बमोजिमका समग्र नामहरुको सिफारिस समग्र प्रक्रिया पीडित समुदायले बिश्वास र अपनत्व ग्रहण गर्ने अवस्था नभएकोले फिर्ता गर्न बाध्य भएको जानकारी गराउदछौं |

१ पुर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठ
२ वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी
३ पुर्व न्यायाधीश गिरिश चन्द्र लाल
४ पुर्व उपकुलपति केदार भक्त माथेमा
५ डा. हरिहर वस्ती
६ कुटनीतिज्ञ शम्भुराम सिम्खड़ा
७ पीडित शास्त्री शंकर कृष्ण श्रेष्ठ
८ प्राध्यापक बिपिन अधिकारी
९ प्राध्यापक कृष्ण खनाल
१० संयुक्त राष्ट्र संघका पुर्व उपमहासचिव कुल चन्द्र गौतम

११ डा. मन्दिरा शर्मा

१२ अधिवक्ता रेश्मा थापा

१३ वरिष्ठ अधिवक्ता राजु चापागाँई

१४ अधिवक्ता संतोष बाबु सिग्देल

१५ अधिवक्ता लक्ष्मी पोखरेल

१६ डा. टिका ढकाल

१७ अधिवक्ता सृजना पोखरेल सिवाकोटी

१८ अधिवक्ता रुक्मणी महर्जन

१९ राजन कुईकेल

२० दिनेश त्रिपाठी

२१ डा. वीरेन्द्र थपलीया

२२ गोपाल नाथ योगी

२३ सुमन अधिकारी





२४ डा.राम कुमार भण्डारी

२५ अधिवक्ता सुशीला चौधरी

२६ अधिवक्ता साबित्री खड्का

२७ सृजना श्रेष्ठ

द्वन्द्वपीडित संस्थाहरु :

| त्र.स | संस्थाको नाम | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल | उपाध्यक्ष | गिता रसाईली |  |
| २. | आपांगता भएका द्वन्द्वपीडितहरुको राष्ट्रिय संजाल | अध्यक्ष | सुरेन्द्र खत्री |  |
| ३. | द्वन्द्वपीडित राष्ट्रिय संजाल | अध्यक्ष, | गोपाल बहादुर शाह |  |
| ४. | द्वन्द्वपीडित साभा चौतारी | महाँसचिव | उदय साह |  |
| ५. | न्यायका लागि द्वन्द्वपीडित समाज | अध्यक्ष | रमिला जोसी |  |

